बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

५ नं. प्रदेश, कपिलवस्तु नेपाल

मिति: २०७६।१०।१४

**कार्यपालिका बैठकका प्रस्तावहरु-**

१. योजना सम्बन्धमा

२. बाणगंगा खोलाको ठेक्का सम्बन्धमा

३. विविध

**निर्णयहरु**

**निर्णय नं. १.**

- यस बाणगंगा नगरपालिकाको आ.व.०७६।७७ को स्वीकृत बार्षिक कार्यक्रममा भएका निम्नानुसारका योजनाहरु तपसिल बमोजिम संसोधन गर्ने र भू.पू. खानेपानी टंकि निर्माणको लागि जिल्ला समन्वय समिति समेतबाट बजेट बिनियोजन भएकोले संसोधनको लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो।

| सि.नं. | साबिक योजनाको नाम | बजेट | संसोधित योजनाको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | महेन्द्रराजमार्ग देखि दुर्गा सेनको घरहुँदै रमा रानाको घरसम्म सडक कालोपत्रे | ६ लाख | महेन्द्रराजमार्ग देखि दुर्गा सेनको घरहुँदै रमा रानाको घरसम्म सडक RCC | |
| २ | भू.पू. खानेपानी टंकी निर्माण वडा नं. १ (जि.स.स. र न.पा.) | ३५ लाख | भू.पू.सैनिक खानेपानी संरचना निर्माण तथा मर्मत सम्भार | |

- यस बाणगंगा नगरपालिकाको आ.व. ०७६।७७ को लागि संघमा माग गरि पठाएका तपसिलका योजनाहरुको संघबाट बजेट प्राप्त नभएकोले समपुरक अनुदान बाहेक बिनियोजित अन्य श्रोतबाट बिनियोजित रकमबाट योजनाहरु संचालन गर्ने निर्णय गरियो।

| सि.नं. | साबिक योजनाको नाम | स्वीकृत बजेट | योजना संचालन गरिने बजेट | बजेट किताबको सि.नं. |
|---|---|---|---|---|
| १ | बाल मा.वि. बैरियाको भवन निर्माण | १.१० करोड | ६५ लाख | १६८, १६९ |
| २ | चौवाहा बोरिङ देखि बर्दहवा सडक कालोपत्रे | १ करोड | ६० लाख | १८३, १८४ |
| ३ | फुलबारी भूईपुरा हुँदै गन्सहवा दक्षिणपूर्व प्रगतिटोल जाने सडक कालोपत्रे | १ करोड | ६० लाख | १८९,१९० |
| ४ | लौगाई ढोडेकोल सडक कालोपत्रे | १ करोड | ६० लाख | १९८,१९९ |
| ५ | सुगम चोकदेखि लखनपारा हुँदै कुनैया सडक कालोपत्रे | १.१० करोड | ६५ लाख | २०३,२०४ |

- चालु आ.व.०७६।७७ मा बार्षिक नगरबिकास योजनाको सि.नं. २०५ मा रहेको सडक कालोपत्रे (५०/५०) कार्यक्रममा भएको रु. १ करोड बजेट बाट लागत सहभागिता हुने गरि तपसिलका वडाहरुको योजनाको लागि बजेट बिनियोजन गर्ने निर्णय गरियो।

| सि.नं. | वडा | बजेट |
|---|---|---|
| १ | वडा नं. २ | ४५ लाख |
| २ | वडा नं. ७ | ५५ लाख |

- चालु आ.व.०७६।७७ मा बार्षिक नगरबिकास योजनाको सि.नं. २०६ मा रहेको सडक कालोपत्रे (७०/३०) कार्यक्रममा भएको रु. १ करोड र सि.नं. १८७ मा रहेको नगरका विभिन्न सडक कालोपत्रे गरि १ करोड ६० लाख बजेट बाट लागत सहभागिता हुने गरि तपसिलका वडाहरुको योजनाको लागि बजेट बिनियोजन गर्ने निर्णय गरियो।

| सि.नं. | वडा | बजेट | |
|---|---|---|---|
| १ | वडा नं. १ | २३ लाख | |
| २ | वडा नं. ३ | २३ लाख | |

Scanned by CamScanner

आज मितिः२०७६।१०।१४ गतेका दिन यस बाणगंगा नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरुमाथी छलफल गरि निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिथी रहेको छ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णू गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | ध्रुव बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कूमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | सावित्रा थारु | सदस्य | |
| २१ | पूर्णकला सुनार | सदस्य | पूर्णकला |
| २२ | चुरामणि पन्थी | सदस्य सचिव | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ३ | वडा नं. ४ | २३ लाख | |
| ४ | वडा नं. ६ | २२ लाख | |
| ५ | वडा नं. ८ | २३ लाख | |
| ६ | वडा नं. ९ | २३ लाख | |
| ७ | वडा नं. ११ | २३ लाख | |
| कूल जम्मा | | १ करोड ६० लाख | |

***निर्णय नं. २***

यस बाणगंगा नगरपालिकाको आन्तरीक आयको मुख्य श्रोत नदीजन्य पदार्थ अन्तर्गत बाणगंगा खोलाको सुठौली भगलापुर नाका र राजमार्ग पुलभन्दा २०० मी उत्तर मधुवन क्षेत्र गरी ३७८०६ घन मीटर नदिजन्य पदार्थको लागि मिति: २०७६।०७।२० मा ई-बिड सूचना प्रकासित भएको र म्याद भीत्र रितपूर्वक प्राप्त भएका बोलपत्रहरु २०७६।०८।२३ मा खोलिएको र पर्न आएका बोलपत्रहरुबाट निम्नानुसारका २०७६।०९।०६ मा मुल्यांकन गरि हेर्दा निम्नानुसारको फर्महरुको तपसिल बमिजिमको कबोल रकम रहेको।

१. एन.वि.कन्स्ट्रक्सन, बुटवल उ.म.न.पा.-११ — बोलपत्र रकम रु.४,५७,११,१११।–
२. ॐ सत्यसायी कन्स्ट्रक्सन, बाणगंगा-५ — बोलपत्र रकम रु.३,५३,३३,३३३।–
३. रवि निर्माण सेवा बाणगंगा-८ — बोलपत्र रकम रु.१,६०,००,०००।–
४. सिद्धार्थ दर्शन बिल्डर्स-बु.नं.पा.१० — बोलपत्र रकम रु.८८,४८,६७२।-

माथि उल्लेख भए अनुसार सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाता श्री एन.वि.कन्स्ट्रक्सनलाई मिति: २०७६।०९।०६ मा ७ दिनको म्याद दिई सम्झौता गर्न आउन पत्राचार भएको र निज एन.वि.कन्स्ट्रक्सनले मिति:२०७६।०९।०७ मा सम्झौता गर्न आउन नसक्ने भनि निवेदन दिएको र सम्झौता गर्न आउन दिईएको म्याद समेत समाप्त भएकोले बाणगंगा नगरकार्यपालिकाको मिति:२०७६।०९।२१ को बैठकबाट पहिलो अधिकतम रकम कबोल गर्ने बोलपत्रदाता श्री एन.वि.कन्स्ट्रक्सनको कबोल अंकको ५% ले हुन आउने धरौटी रकम रु.२२,८५,५५६।- जफत गरि दोस्रो अधिकतम रकम कबोल गर्ने बोलपत्रदाता श्री ॐ सत्यसायी कन्स्ट्रक्सनको बोलपत्र स्वीकृत गरी सम्झौता गर्ने निर्णय भए बमोजिम मिति: २०७६।०९।२३ गते ७ दिने म्याद दिई सम्झौता गर्न आउन पत्राचार भएकोमा दोस्रो बोलपत्रदाता श्री ॐ सत्यसायी कन्स्ट्रक्सनले मिति: २०७६।०९।२५ गतेका दिन ठेक्का संम्झौता गर्न असमर्थ भएको भनि निवेदन दिएको र दोस्रो अधिकतम रकम कबोल गर्ने बोलपत्रदाताको सम्झौता गर्ने म्याद समेत समाप्त नभएको र कार्यालयबाट कुनै थप निर्णय नभएको अवस्थामा तेस्रो बोलपत्रदाता श्री रवि निर्माण सेवाले मिति:२०७६।०९।२९ मा ठेक्का सम्झौता गरि पाउँ भनि निवेदन दिनुले यस बाणगंगा खोलाको नदीजन्य पदार्थको ठेक्कामा संलग्न बोलपत्रदाताहरुले एक आपसमा मिलेमतो गरि कम ठेक्का अंकमा सम्झौता गर्ने गराउने अवस्था देखिन आएकोले दोस्रो अधिकतम रकम कबोल गर्ने बोलपत्रदाता श्री ॐ सत्यसायी कन्स्ट्रक्सनको कबोल अंकको ५% ले हुन आउने धरौटी रकम रु.१७,६६,६६७।- जफत गरि बाणगंगा नदीको नदीजन्यपदार्थ सम्बन्धी ठेक्काको सम्पूर्ण काम कारवाही रद्द गरि बाणगंगा नदीबाट संकलन गरिने नदीजन्य पदार्थको कार्यालयबाट पहिला निर्धारण गरिएकै न्यूनतम अंक नघट्ने गरि १५ दिने म्याद दिई ई-विडिङ मार्फत पुनः बोलपत्र आव्हानको सूचना गर्ने निर्णय गरियो।

**निर्णय नं.३ विविध**

- निम्नानुसारका व्यक्ति तथा संस्थाहरुलाई आर्थिक सहयोग गर्ने निर्णय गरियो।

| सि.नं. | व्यक्ति संस्थाको नाम | सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १ | मधुवन धाम बोटानिकल गार्डेन पार्क निर्माण | ५० हजार | यस नगरपालिका अन्तर्गत वडा नं. ८ मा रहेको मधुवन धाममा बोटानिकल गार्डेन बनाउनने कार्यको लागि नेपाली सेनाबाट नगद र जनसहभागिता समेतबाट निर्माण गरिरहेको र उक्त स्थानमा पार्कको फिल्ड सम्माउन र ग्रेडिङ समेत गर्नको लागि नगरबाट थप सहयोग माग भई आएको। |
| २ | लक्ष्मी खनाल | २५ हजार | यस नगर कार्यपालिकाको कार्यालयको कार्यालय सहयोगी पदमा कार्यरत लक्ष्मी खनालको विगत ५ बर्षदेखि क्यान्सर रोगको उपचार |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| | | | गराईरहेको र घरको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोगको माग भई आएको। |
| ३ | गिरिराज भट्टराई | २५ हजार | यस नगरपालिका अन्तर्गत वडा नं. ३ बस्ने गिरिराज भट्टराईको छोरा घरबाट हराईरहेको र केहिदिनपश्चात मृत फेला परेको र घरको आर्थिक अवस्था कमजोर भएको कारण काजकिरियाको लागि सहयोग उपलब्ध गराउन निवेदन भई आएको। |
| ४ | राजु थारुको परिवार | ५० हजार | यस नगरपालिका वडा नं. ३ सिउटी निवासी रामप्रसाद थारुको सडक दुर्घटनामा परी मृत्यु भएको र दुर्घटना गराउने सबारी साधनको पहिचान हुन नसकेका कारण क्षेतीपूर्ति पाउन नसकेको र कार्यपालिकाको मितिः२०७६।०४।०६ बाट वडा अध्यक्षको संयोजकत्वमा आर्थिक सहायता संकलन समिति बनेता पनि सहयोग रकम संकनल गर्न नसकिएकोले नीजको परिवारको लागि नगरबाट आर्थिक सहायत उपलब्ध गराउन प्रस्ताव भएको। |

Scanned by CamScanner